# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/११/२५

### सातौं अधिवेशन

### (आठौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको आठौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय महेश दत्त जोशी**

माननीय सभामुखज्यू सुदूरपश्चिम प्रदेशमा बर्षौं देखि रहेको समस्या भूमि सम्बन्धीको समस्या भूमि व्यवस्था सम्बन्धी आयोगले काम थालनी गरेको थियो त्यो यही महिनाको २० गते समाप्त भएर यहाका जनताहरु अन्योलमा रहेका छन् र अहिले जुन स्व घोषणा फाराम भूमि आयोगले लिइरहेको छ त्यो सम्बन्धमा खास गरि कैलाली कंचनपुरमा धेरैको स्व घोषण फाराम छुटेको छ । यो सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारले भूमि व्यवस्था तथा कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी हुन्छ । हाम्रो सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था सम्बन्धी बजेट पनि यस बर्ष विनियोजन भएको थियो । सो सम्बन्धमा के कति कामहरु भैरहेको छ, मन्त्रालयले के सहयोग र के समन्वय गरिरहेको छ । जनताको टटकारो एक नम्बर समस्याका लागि सुदूरपश्चिम प्रदेश सरकारले अहिले सम्म के के योजनाहरु सम्पन्न गर्यो हामीले एकजना नियुक्त गरेर पनि पठाएका छौ । प्रदेश सरकारले एकजना केन्द्रीय आयोगमा पठाएको छ उहाको के रिपोर्ट छ माननीय सभामुख महोदय म सो सम्बन्धमा जानकारी सदनलाई दिन सरकारलाई अनुरोध गर्दछु र हाम्रो खासगरी मन्त्रालयले डाटा लिने कुरामा बजेट विनियोजन गरेक थियौ । प्रदेश सभाबाट सो सम्बन्धमा डाटा लिने कुरामा अहिले लगत लिने व्यक्तिहरुले प्रति फाराम ४० रुपैया मात्र पाइरहेको र न्यूनतम ज्यालामा उनिहरुले काम गरिरहेको र काम गर्न कठिनाई भैरहेको अवस्थामा प्रदेश सरकारले आर्थिक सहयोग नीतिगत रुपमा गर्नु पर्ने हो गर्न सक्ने अवस्था पनि हो त्यसमा प्रदेश सरकार किन उधासिन छ भन्ने कुरा म यहा राख्न चाहान्छु । त्यस्तै प्रकारले हाम्रो प्रदेशका कृषि कार्यक्रमहरु अपारदर्शि ढंगले कार्यक्रम भैरहेको जनगुनासो आएको छ त्यसमा अनुगमन पनि नहुने पारदर्शिता पनि नहुने यो समस्याको लागि म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । साथै मल र बिउको सन्दर्भमा के कति हामी सँग मौजात छ प्रत्येक खेतिको समयमा कृषकहरुलाई मलको हाहाकार हुने र गुणस्तरहिन वीउ हुने हाला कि मल र वीउको सम्बन्धमा सरकारको ध्याना जानु पर्छ भन्ने मेरो जोडदार माग गरहेको छ । त्यस्तै प्रकारले युवा स्वरोजगारको सन्दर्भमा भित्र भित्रै सरकारले कार्यक्रम संचालन गरेको भन्ने सुनिन आएको छ सो सम्बन्धमा पारदर्शि

ढंगले युवा स्वरोजगारको कोष कहा पुगेको छ कसरी संचालन हुदै छ यो कुरा पनि सरकारले यो गरिमामय सदनमा जानकारी देवस भन्ने म कुरा राख्न चाहान्छु सभामुख महोदय साथै यो कोरोना भाइरस विरुद्धको खोप अहिले जुन आएको छ खोपको अभावमा ५५ बर्ष भन्दा माथिका लाई लगाउने भन्ने कुरा निर्णय परिवर्तन भएर ६५ बर्ष माथिका लाई लगाउने कुरा भएको छ अहिले सम्म पनि खोप लगाउने केन्द्रमा हाम्रो जेष्ठ नागरिकहरुलाई जान अपठ्यारो भएको छ केन्द्रहरु ३ किलोमिटर देखि ७-८ किलोमिटर सम्म रहेका छन् र स्वास्थ्यकर्मीहरुको अभाव रहेको छ । कोरोना विरुद्धको भाइरसलाई फ्रिजबाट त्यहा लग्दा सम्म ताल्ने सम्भावना देखिएको छ यो सम्बन्धमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको ध्यान गएको छ छैन सो सम्बन्धमा समन्वय भएको छ छैन जोडदार रुपले म माग राख्न चाहान्छु सभामुख महोदय त्यस्तै प्रकारले हामीले तयार गरेका डिपिआरहरुको सम्बन्धमा अहिले सम्म गुरुयोजना के कति बनेर ती गुरुयोजनाको विवरण अहिले सम्म पनि अन्योलमा रहेको छ । डिपिआरहरु अन्योल र अलपत्र अवस्थामा रहेका छन् सभामुख महोदय त्यस्तै प्रकारले स्वास्थ्यको समस्या हामी सँग प्रादेशिक अस्पताल भनेर सेतीलाई भनेका छौ जुन कि विगतमा सेती अस्पताल अञ्चल अस्पताल हो सेती अस्पतालको अञ्चल अस्पताल हो भने त्यस्तै प्रकारले महाकाली अञ्चलको महाकाली अस्पताल हो अहिले उपप्रादेशिक कुन आधारमा भनिएको छ । महाकालीलाई सौतेला व्यवहार किन गरिएको छ सभामुख महोदय महाकाली पनि प्रादेशिक अस्पताल नै हुनु पर्ने हो र प्रादेशिक अस्पतालले पाउनु पर्ने बजेट साधन स्रोत, मानवीय स्रोत महाकाली अस्पतालले पनि पाउँनु पर्छ भन्ने कुरा म यहा राख्न चाहान्छु र सरकारले यस्तो विभेद किन गरेको छ । महाकाली अस्पताललाई विभेद किन गरिएको छ सभामुख महोदय यसको जवाफ सरकारबाट म चाहान्छु । सभामुख महोदय, अहिले बनमा बन्यजन्तुको ओहोर दोहोर बढेको छ । बन्यजन्तु वृद्धि भएका छन् बाघले मान्छे खाइरहेको छ अस्थि मात्रै पुनर्वासमा दुधुवा नेशनल पार्कबाट लालझाडी आउने हात्तीहरुले धना देवी थापा ६२ बर्ष उमेरको पुनर्वास नगरपालिका वडा नं.९ ख गाउँ बस्ने महिलाको मृत्यू भएको छ हात्तीले मारेको छ उहाले क्षतिपूर्ति पाएको छैन अहिले सम्म सरकारले प्रदेश सरकारले त्यहा गएर बुझ्नु पर्ने हो उहाको परिवार विचल्लीमा छ र बन मन्त्रालय छ हामी सँग के हेरीरहेको छ बन मन्त्रालयले तत्काल गएर यो बन्यजन्तु र मानव द्वन्दको विषयमा छिटो सरकारले कदम चाल्नु पर्छ भन्ने मेरो जोडदार माग रहेको छ सभामुख महोदय त्यस्तै प्रकारले अहिले काठ दाउराको अभाव छ कुनै डिपोमा पनि दाउरा छैन अहिले मृत्यू दाहासंस्कार गर्न पनि हामी सँग दाउरा छैन । बैज्ञानिक बनको काठ अलपत्र छ चोरी भैरहेको छ र आगोले खाने अवस्थामा छ त्यो सम्बन्धमा प्रदेशको बन मन्त्रालय के हेरेर बसेको छ यो सम्बन्धमा प्रदेश सरकार सँग म माग राख्न चाहान्छु । त्यस्तै प्रकारले प्रदेशको राजधानी कहा पुगेको छ प्रदेशको राजधानी छोडि सकिएको हो कि सरकारले छोडेको हो त्यो घोषणा यो प्रदेश सभामा गरिमामय सदनमा होस भन्ने म माग राख्न चाहान्छु सभामुख महोदय र हामीले बनाएका स्वास्थ्य भवनहरुमा अहिले व्यहारिसे भएका छन् ती स्वास्थ्य भवनहरुमा अहिले अनधिकृत कामहरु भैरहेका छन् तीनको वारिस नै छैन प्रदेश सरकारले निर्माण गरेका ती स्वास्थ्यचौकीहरु स्वास्थ्य भवनहरुमा मानवीय स्वास्थ्यकर्मीहरुको पदपूर्ति हुनु पर्यो । त्यहा सेवा दिनु पर्यो स्वास्थ्यकर्मी हुनुपर्यो सभामुख महोदय यो विषयमा सरकारको ध्यान जावस भनेर म सभामुख मार्फत सरकारको कहा पुगेको छ कार्यक्रम यो गरिमामय सदनमा जानकारी आवस भन्ने कुरा राख्न चाहान्छु ।

किन कर्मचारी भर्ना हुदैन, किन भवन बनाईए यो टटकारो समस्याको रुपमा रहेको छ सभामुख महोदय म यि कुरा राख्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिबेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को निमय १२१ को उपनियम २ को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलफलमा विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय पूर्णा जोशी लाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छैटौ अधिवेशनमा प्रस्तुत भएर सातौ अधिवेशनमा आइपुगिसकेपछि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफल प्रश्चात हामी आज यो छलफलमा सहभागि भएका छौ । सुदूरपश्चिम प्रदेश र स्थानीय तहमा काम गर्ने कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र समर्पण समेत अभिवृद्धि गर्नको लागि अत्यावश्यक ठहरिएको यो विधेयक ढीलो समय करिव सातौ अधिवेशनमा आइसकेपछि मात्रै प्रस्तुत भएको छ । अनुसन्धान र प्रशिक्षण कार्यक्रमलाई जनशक्ति विकासको अभियानको रुपमा संचालन गर्नकोलागि यो विधेयक आवश्यक थियो ढीलो भए पनि यो विधेयकले चाहि यो क्षेत्रको जनशक्ति अलिकति स्रोत साधन सम्पन्न जनशक्ति र गुणस्तरिय सेवा प्रदानमा यसले सहयोग पुग्छ भन्ने मलाई लागेको छ । छैटौ अधिबेशनमा प्रस्तुत भएको विधेयक विविध कारणले कोरोना महामारी लगायतको विविध कारणले सदन छिटै अवरुद्ध भएको सम्पन्न भएको कारणले गर्दा पनि यो अधिवेशनमा आइपुगेको हुनसक्छ भन्ने मलाई लाग्दछ यसमा दफावार छलफलको क्रममा समितिले धेरै मेहनत गरेको छ तथापी २-३ वटा कुराहरु संशोधन गर्नु पर्ने मैले देखेको छु दफाव २ को ६ मा अंग्रेजी नाम राख्नु पर्ने भन्ने कुराहरु समितिको सिफारीस छ अंग्रेजी नाम राख्दा खेरी यसमा केही कुराहरु त्रुटी भएको जस्तो मलाई लाग्दछ यद्यपी म अंग्रेजी भाषाको विज्ञ त होइन तथापी सुदूरपश्चिम प्रोभिन्स रिसर्च एण्ड एकेडेमी हुनु पर्छ जस्तो मलाई लाग्दछ यो भाषिक हिसाबले यतापट्टी मैले ध्यानाकर्षण गर्न खोजे सुदूरपश्चिम प्रदेश रिसर्च एण्ड एकेडेमी भनेर मात्रै राखिएको छ रिसर्छ एण्ड ट्रेनिङ एकेडेमी भन्नु पर्छ होला अगाडी पट्टी सुदूरपश्चिम भनिसकेपछी प्रदेश भन्नु पर्दैन प्रोभिन्स भन्नु पर्छ भन्ने मलाई लाग्दछ । नं.७ दफा ७ को १ मा पूर्व प्रशासक अथवा विशिष्ट श्रेणीका राष्ट्रसेवक मध्येबाट १ जना राख्नु पर्छ भन्ने मलाई लाग्दछ किन भने यो एकेडेमी हो यो प्रशिक्षण प्रतिष्ठान भा को हुनाले प्रशिक्षण प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय बमोजिम अनुसन्धान तथा प्रशिक्षण परिषद रहने छ भनिएको छ यो प्रशिक्षण यसमा चाहि परिसदमा १ जना विशिष्ट श्रेणीको पूर्व प्रशासकलाई राख्नु उपयुक्त हुन्छ भन्ने मलाई लाग्दछ । राष्ट्रसेवकको विभिन्न राष्ट्रसेवामा काम गरेका विशिष्ट श्रेणीका कर्मचारी मध्ये १ जनालाई राख्नु पर्दछ भन्ने मलाई लाग्दछ । अर्को यसमा महत्वपूर्ण रुपमाले दफा २७ को १ मा प्रतिष्ठानको कार्यालय डोटी जिल्लामा रहने छ भनेर प्रस्तावित विकेयधमा प्रस्ताव गरिएको छ तर संशोधन भएर प्रदेश सरकारले जुन सुकै जिल्लामा पनि राख्न सक्ने व्यवस्था यसमा गरेको छ । संशोधन गरेको छ मैले गम्भिर रुपमा यो सदनको ध्यानाकर्षण गराउन चाहान्छु । सुदूरपश्चिमको स्थायी राजधानी निर्धारण गर्दा खेरि तत्कालिन

रुपमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम रहेको दिपायलका अरवौका संरचनाहरुलाई हामीले बेवास्था गर्यौं । भौगोलिक रुपले केन्द्र भागमा पर्ने भू-भागलाई हामीले बेवास्था गर्यौं सदनले सुदूरपश्चिमको कैलालीको गोदावरीमा राजधानी तोकि सकेपछि त्यो क्षेत्रमा रहेका सरकारी लगानीमा बनेका खरवौका संरचनाहरु अहिले पनि खाली रहेको अवस्था छ । त्यसैले गर्दा खेरी यति ठुलो प्रतिष्ठानको कार्यालय रहने ठाउँ प्रसस्त मात्रामा नेपाल सरकारको स्वामित्व रहेको जग्गा, स्वामित्वमा रहेका जग्गा संरचनाहरु त्यहा रहेको हुनाले मैले माननीय मन्त्रीज्यूको पनि ध्यानाकर्षण गराउन चाहान्छु । सुदूरपश्चिम प्रदेश सरकारको ध्यान जावस र दफा २७ को १ संशोधन नगरियोस भन्ने प्रस्ताव राख्न चाहान्छु यो विभिन्न जिल्लामा थप्ने अन्य कार्यालयहरुमा त्यसका शाखाहरु तोक्ने सरकारको मातहतको कुरा छ सरकारले तोक्न सक्छ त्यो अधिकार सरकारलाई छ तर मुख्य कार्यालय चाहि डोटी जिल्लाको दिपायलमा राख्नको लागि म अनुरोध गर्न चाहान्छु र अन्त्यमा सुदूरपश्चिममा जहिले पनि हामी कर्मचारी अभावको कुरा अहिले पनि हामीले विभिन्न मन्त्रालय लगायतका निर्देशनालय र जिल्लास्थित कार्यालय र हामीले चाहि विभिन्न ठाउँहरुमा स्थानीय तहमा कर्मचारी अभाव र भएका कर्मचारीहरुको गुणस्तर सेवा प्रदान गर्ने गुणस्तरका बारेमा पनि प्रश्न चिन्ह खडा भएका छन् यथाशक्य चाडो यो प्रतिष्ठान गठन भएर यसले तत्काल कार्य प्रारम्भ गर्नको लागि सरकारले यसमा तदारुकता देवस भन्ने कुराहरु राख्दै आफ्नो भनाई यही अन्त्य गर्न चाहान्छु धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक धेरै ढीला आएको छ यो हुन त ऐनहरु सबै आवश्यक छन् त्यसैले मैले धेरै चोटी भन्ने गर्या थिए हाम्रो प्राथमिकता निर्धारण गरौ र कुन बेला कुन ऐनको आवश्यकता छ त्यसलाई त्यही ढंगले सदनमा ल्याएर ऐनको रुप दिउ त्यो भोली सबैको लागि सरकारको लागि सजिलो हुन्छ र ढीलै भए पनि एउटा महत्वपूर्ण ऐन प्रवेश गरेको छ र म समितिका सभापति लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु मलाई लाग्द अनदस्पोटमा गएर पनि समितिले आफ्ना सरोकारवालाहरुलाई राखेर यो विषयमा छलफल गरेको जस्तो लाग्छ र सौभाग्यबस डोटीमा हुदा म पनि उपलब्ध थिए यो समितिको बैठकमा ग्रामिण प्रशिक्षण केन्द्र भनेर जो डोटीको पुन्नामा पहिला देखि संचालन थियो अहिले आएर यसलाई अब प्रतिष्ठानको रुप दिइएको छ जहा सुशासनको कुरा पनि छ त्यसैले अहिले पूर्ववक्ता माननीयज्यूले भन्या पनि २७ मा डोटी जिल्लामा राख्ने भनिएको छ र डोटी जिल्लाको पनि पर्वाधार भएको ठाउँ भनेको त्यही पुन्ना नै हो । त्यो नेपाल सरकारको स्वामित्वमा भएको र पहिला पनि ट्रेनिङ प्रोग्राम देखि लिएर सम्पूर्ण कुराहरु त्यहाबाट गर्ने भएको नाताले डोटी जिल्ला मात्र भनेको छ डोटी जिल्लाको पुन्ना भन्दा अझ राम्रो होला जस्तो मलाई लाग्छ र यि कुराहरुलाई सरकारले सोच्नु पर्छ जस्तो मलाई लाग्छ । बास्तवमा प्रतिष्ठान भन्दा खेरी यो रिसर्चको कुरा पनि हो एकातिर जनप्रतिनिधीहरुलाई उनको योग्यता, क्षमता, नेतृत्व विकास देखि लिएर नेपालको संविधान, ऐन, कानून यि सबै विषयमा यसले प्रशिक्षण गर्छ यो धेरै राम्रो कुरा हो र मलाई के लाग्छ भन्दा यो अलिकति यसलाई खुकुलो बनाउन हुन्थ्यो जस्तो लाग्छ यो निर्वाचित पदाधिकारी वा प्रतिनिधी मात्र नभइकन मलाई लाग्छ पोलटीकल पार्टीका मान्छेहरुलाई पनि

यसले प्रशिक्षण दिदा बेटर हुन सक्थ्यो किन भन्दा आउने हुन त पोलटीकल पार्टीकै मान्छेहरु र उनिहरुलाई पनि प्रशिक्षण दिएर भोली मेयर उपमेयर सांसद वा कुनै पनि प्रमुख हुदा खेरी त्यो पद बहाली गरिसकेपछि उसले न्यूनतम नेपालको संविधान कानून र आफु जुन संस्थामा आउछन त्यो सम्बन्धी न्यूनतम ज्ञान हुदा खेरी सहज रुपले त्यसलाई हाक्न सक्छ र यो कुरामा पनि हामीले खुकुलो हुनु पर्थ्यो जस्तो मलाई लाग्छ र साथै यसको अभिभारा भनेको रिसर्च सेन्टर भन्दा खेरी रिसर्च एकेडेमी यो वृहत छ त्यसले सुदूरपश्चिम प्रदेश भित्रको सम्भावना विभिन्न प्रकारको सम्भावनाको कुरा छ त्यसलाई रिसर्च गरेर त्यो रिसर्च गरेको कुराहरुलाई सुदूरपश्चिमका जनताहरुलाई त्यसबाट हामी के दिन सक्छौ यो विषयमा यो महत्वपूर्ण भएको नाताले यसको गठन प्रक्रियामा पनि त्यही खालको मान्छे त्यो सँग सम्बन्धीत मान्छे र त्यही प्रकृतिको मान्छे हामीले ल्याउन सक्यौ भने मलाई राम्रो लाग्छ यो सुझाव छ र यहा एउटा कुरो के रहेछ भने भन्दा खेरी संकायको मात्र कुरा गरेको छ । विभिन्न संकाय भन्दा राम्रो होला जस्तो लाग्छ खाली संकाय मात्र भनेको छ जस्तो अनुसन्धान तथा प्रशिक्षण देखि लिएर चाहि यो कार्यकारी यस्तो यस्तो किसिमको एउटा संकाय मात्र भन्या छ संकाय भन्दा खेरि विभिन्न संकाय भन्दा खेरी त्यो स्पष्ट होला जस्तो लाग्छ अनि यो प्रतिष्ठानको स्वरुपको बारेमा अनुसन्धान तथा प्रशिक्षण परिषद कार्यकारी समिति ग मा संकाय मात्र भनेको छ विभिन्न संकाय लेख्दा ठिक होला घ मा अनुसन्धान केन्द्र भन्या छ मैले त्यसमा ङ मा एउटा समन्वय भन्ने शब्द राख्दा सबै सँग समन्वय गर्ने राम्रो मेकानिजम अझ ङ मा राख्दा राम्रो हुन्छ कि सबै सँग समन्वय राख्ने एउटा संयन्त्र मेकानिजम चाहिएला जस्तो मलाई लाग्छ । अब यो कार्यकारी यो ३ मा कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्ने भन्या छ त्यो कुरा त आफैमा ठिक होला तर महिनाको १ चोटी वा २ चोटी र अनि आवश्यकता अनुसार भन्दा राम्रो होला किन भने आवश्यकता अनुसार भन्या छ तर महिनाको १ चोटी तर आवश्यकता अनुसार थप आवश्यकता अनुसार भन्दा राम्रो हुन्थ्यो कि कहिले काही व्यक्तिको नेचर अनुसार ६ महिना सम्म पनि नबस्न सक्छ तर ऐनमा हामीले महिनाको १ चोटी भनेर ऐनमै मात्र ल्याइदियो भने १ चोटी मासिक आवश्यकता अनुसार लेख्दा अझ राम्रो होला । मैले अघिनै भने ६ महिना सम्म एकचोटी राखिदिएन भने समस्या हुन सक्छ किन भने आवश्यकता भन्या छ मान्छेको नेचरको कुरा हो यि कुराहरु छन् अर्को कुरा सब भन्दा महत्वपूर्ण कुरा के भन्दा खेरि तोकिएका शब्दहरु पनि बढी छन् अब यो कार्यविधी आफै निर्धारण गर्ने भन्ने छ त्यो समितिले त्यो पनि ठिकै हो तर कार्यविधी आफै निर्धारण गर्दा ऐनको भावना अनुसार कार्यविधी निर्धारण गर्ने अब यहा त कस्तो चलन छ भने ऐन बनाएका छौ कार्यविधी अर्कै तरिकाले आएका छन् कार्यविधीले ऐनलाई विस्थापन गरेको छ म यो सभामुख ज्यू मार्फत म आग्रह के गर्न चाहान्छु भने ऐन सँग बाझिएका कार्यविधिहरु तुरुन्त सचिवालयले मगाउन म सभामुख मार्फत आग्रह पनि गर्न चाहान्छु । ऐन सँग बाझिएका कार्यविधी खारेज गर्नु पर्छ यसलाई ऐन सँग बाझिएका छन् कार्यविधिहरु र ऐन के का लागि बनाइयो त ऐन सँग बाझिएका कुनै पनि कुराहरु अमान्य हुन्छन । संविधान सँग बाझिएका सबै अमान्य हुन्छन त्यसैले गर्दा यहा कार्यविधी बनाएर प्रदेश सरकारले कार्यविधी मार्फत विकविकी चलाएको छ । कार्यविधीले ऐनलाई विस्थापित गरेका छन् यो सम्मानीत यो सभामा सभामुख मार्फत यी कार्यविधी र ऐनहरु यहा उपलब्ध गराएर कुन कुन ऐन सँग कार्यविधी बाझिया छन् यो खारेज गर्नु पर्छ यसका लागि

मेरो जोडदार माग पनि छ किन भने कार्यविधी आफु खुशी बनाउने होइन ऐनमा जे व्यवस्था छ त्यसको भावना अनुसार कार्यविधी बनाउने हो त्यो हो सहजीकरणका लागि किन भने कार्यविधीले ऐनलाई विस्थापित गर्दैन यो गलत नजिरहरु आएका छन् धेरै म उदाहरण दिनको लागि धेरै ऐनहरु मैले हेरेको छु त्यो बाझिएका छन् र अर्को कुरा के छ भन्दा खेरी मैले भने यो छानविन पनि गर्नु पर्छ यो कुराहरु यो कार्यविधीको बारेमा एउटा संसदीय टोली बनाएर छानविन गर्नु पर्छ यो जरुरी छ किन भने यो परम्पराले राम्रो हुन सक्दैन त्यसैले हामीले कुनै पनि काम गर्दा सुशासनको कुरालाई पहिलो प्राथमिकतामा राख्छौ र नेपालको संविधानको मुल मर्म र भावना अनुसार ऐन बनाउनु पर्छ, ऐनको मुल मर्म र भावना अनुसार कार्यविधी वा नियमावली बनाउनु पर्छ र एकातिर ऐन एकातिर कार्यविधी गर्न थाल्यो भने देश अर्कोतिर जान्छ विधीको शासन र लोकतन्त्र कमजोर हुन्छ त्यसैले यसरी हामीले चलाउनु हुदैन अब जहा सम्म ऐनका कुराहरु धेरै ऐनहरु छन् आज पनि एउटा तीन बर्षे सरकारको समिक्षाको एउटा किताब धेरै त पढ्न पाएका छैनौ ४१-४२ वटा ऐनहरु त हामीले बनाएका छौ । हामीले पनि भाषण गर्दा खेरी फुर्तिफार्ति गर्ने गरेकै छौ हामीले बनायौ त भनेर त्यसको प्रभावकारी कार्यान्वयन भएन । सुशासन ऐन बनेका छन् अरु ऐन बनेका छन् तर त्यसलाई सिस्टममा ल्याउने काम हाम्रो भा को छैन त्यसैले मेरो सबै सँग आग्रह के हो भन्दा खेरि विशेष गरेर सरकार सँग यसलाई सिस्टममा ल्याउ जुन ऐन सरकारलाई सहज होस र जनताले त्यसको प्रत्यक्ष त्यसको लाभ पाउन जसका कारणले जनतालाई अपठ्यारो नहोस र सरकारलाई काम गर्न पनि अपठ्यारो नहोस भन्ने हिसाबले आएका हुन्छन त्यसलाई त कार्यरुप त दिनु पर्यो परिणम मुखि बनाउनु पर्यो हाम्रो सबैको आग्रह छ सभामुख महोदय त्यसैले खाली ऐन बनाउदै फाल्दै ऐन बनाउदै फाल्दै गर्ने गर्याछिन् त्यसैले गर्दा खेरी यसको प्रभावकारीतालाई अगाडी बढाउ यो प्रतिष्ठान जो यो ऐन छ यो आफैमा महत्वपूर्ण छ र यसलाई कुनै पनि प्रतिष्ठानलाई बढी पोलटिलाइज नगरौ हामीले यसबाट प्राप्त गर्न खोजेको कुरा र त्यो सँग सम्बन्धीत विज्ञहरु एउटा मापदण्ड तयार त छ अब मापदण्डमा पनि हामी काही काही प्वाल पारि हाल्छौ त्यसैले त्यो एकेडेमीबाट रिसर्च एकेडेमीबाट विभिन्न कुराको खोज गर्ने अनुसन्धान गर्ने जसबाट न्यू जेनेरेसनका लागि हामी धेरै कुरा दिन सक्छौ त्यसको शुरुवात गर्ने त्यो जगमा बसेर आउने न्यू जेनेरेशनले पनि त्यो प्रतिष्ठान मार्फत रिसर्चका कुरा ट्रेनिङका कुरा योग्यता क्षमता वृद्धि गर्ने कुरामा त्यो अलिकति प्रभावकारी ढंगले अगाडी बढोस त्यो जग विसाल्ने कुराहरुमा हामी जाउ यसलाई सफल एउटा प्रतिष्ठानको रुपमा र एउटा रिसर्च एकेडेमीको रुपमा सात वटा प्रदेशमा नमूनाको रिसर्च एकेडेमीको रुपमा विकास गर्ने तर्फ यो ऐनले ढोका खोल्ने छ त्यही अनुसार ती विज्ञहरुलाई नियुक्त गर्न म सरकारसँग आग्रह गर्न चाहान्छु धन्यवाद ।

**माननीय टेक बहादुर रैका**

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक जो सदनमा पेश भएको छ महत्वपूर्ण विषय हो र यसलाई सदनबाट छलफल गरेर पास गर्नु मात्र ठुलो कुरा होइन र यसलाई पास गरिसकेपछि कानून बनाएर व्यवहारमा लागु गर्नु ठुलो उपलब्धी हो । यो तीन बर्षको दरमियानमा आएको छ आजको पहिलो अधिबेशनमा आइदिएको भए

स्थानीय तहका राजनेता, वडा देखि केन्द्र सम्मका कर्मचारीहरु, कुशल प्रशासकको नेतृत्व, कुशल राजनेताको नेतृत्व लिएर पनि हामी अगाडी बढ्न सक्थ्यौ भन्ने मलाई लागेको छ र यो मैले धेरै यसलाई भन्ने पर्छ यो अध्यन नगरेर बोल्नमा नाम लेखेको हुनाले यस विषयमा जान सक्दैन यो महत्वपूर्ण विधेयक हो यसलाई सदनबाट छलफल गरेर कानून बनाएर व्यवहारमा लागु गर्नु पर्छ र यो हिजो मात्र नेपालका कानून नजाने भगवान जानुनन आफ्ना आफ्नै घरमा फर्कने जुन निर्णय भा छ भोली मेरो जन्मस्थान डोटी जिल्ला भएको कारणले यसको कार्यालय डोटी जिल्लामा हुनु पर्छ भन्ने कुरा राख्दै विदा हुन चाहान्छु ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म, विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफल भइ प्रस्तुत भएको प्रतिबेदन सहितको विधेयक माथि सम्मानीत प्रदेश सभामा महत्वपूर्ण छलफल भएको छ । माननीय पूर्णा जोशी, माननीय भरत खड्का र माननीय टेक बहादुर रैका द्वारा महत्वपूर्ण सुझावहरु गहन सुझावहरु, महत्वपूर्ण विचारहरु व्यक्त भएका छन् म त्यसको लागि धन्यवाद दिन चाहान्छु र प्रदेश सरकारले प्रतिष्ठानको केन्द्रीय कार्यालय नेपाल सरकारको स्वामित्वमा प्रयाप्त भवनहरु, संरचनाहरु डोटी जिल्लामा रहेकै कारणले प्रस्ताव गरेको कुरा यहाहरु सबैलाई जानकारी छ पुन पनि समितिमा दफावार छलफल भएर प्रतिबेदन प्राप्त भइकन फेरी विधेयक छलफलमा हामी छौ र अहिले पनि माननीयज्यूहरुका महत्वपूर्ण सुझावहरु, चासो र सरोकारहरु गहन सुझावहरु महत्वपूर्ण विचारहरु अभिव्यक्त भएका छन् सुदूरपश्चिम प्रदेश सरकारले यहाहरुका महत्वपूर्ण सुझावहरुलाई गहन विचारहरुलाई मध्यनजर गरेर यहाहरुका विचारहरु, सुझावहरुलाई ग्रहण गरेर हामी अगाडी बढ्ने छौ भन्ने कुरा राख्न चाहान्छु हवस धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ९ (नौ) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने

व्यवस्थाहरुलाई विधेयकको अङ्ग बनाईयोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समूहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ९ (नौ) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरु सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि ३० सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ३० सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** प्रदेश र स्थानीय तहमा निर्वाचित वा मनोनित पदाधिकारी, प्रदेश र स्थानीय तह वा सो अन्तर्गतका निकाय तथा प्रदेश संगठित संस्थामा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान गर्न एवं प्रशिक्षण सम्बन्धी विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**मसुदूरपश्चि"प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७७ साल चैत्र ३ गते मंगलबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।